चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ चापाकोट २०७५ आषाढ २० गते संख्या : १०

## भाग १

## बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन, २०७५

चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ | चापाकोट | २०७५ आषाढ २० गते | संख्या : १०

## भाग १

### बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन, २०७५

स्वीकृत मिति : २०७५/०३/२०

**प्रस्तावना :** चापाकोट नगरपालिकालाई बालमैत्रीनगरको रुपमा स्थापित गराउने अभिप्रायले बालबालिकाको हकहितलाई प्रवर्द्धन गर्ने, घरपरिवार र समाजमा बालबालिकाप्रतिको दृष्टिकोणलाई सामाजिक रुपमा बालअधिकार सम्वन्धी बिद्यमान सङ्घीय कानुन र नेपालले पक्ष राष्ट्रको हैसियतबाट अनुमोदन गरेका अन्तराष्ट्रिय महासन्धीको भावनाअनुरुप गरिने क्रियाकलापहरुलाई व्यवस्थित रुपमा अघि वढाउनु नगरपालिकाको महत्वपूर्ण कार्य हो भन्ने तथ्य लाई दृष्टिगत गर्दै बालअधिकारका क्षेत्रमा देखिएका प्रतिकुल अवस्थालाई आधार मानेर स्थानीय तहमा बालबालिकाको हकहितलाई संरक्षण गर्ने, आवश्यकता लाई पहिचान गर्ने,सम्वद्ध क्षेत्रको समस्यालाई न्यूनीकरण गर्दै जानु स्थानीय सरकारको मूलभूत कर्तव्य समेत हुदाँ बालअधिकार संरक्षणका क्षेत्रमा देखिएका चूनौतीहरुलाई सही ढंगले सम्वोधन गर्न आवश्यकता महसुस गरी चापाकोट नगरपालिकाको नगर सभावाट प्रस्तुत बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७५ बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम चापाकोट नगरपालिकाको "बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन, २०७५" रहने छ ।

(२) यो ऐन चापाकोट नगर सभाले पारित गरेको मिति देखि लागू हुने छ ।

२. **परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "**बालअधिकार**" भन्नाले यस ऐनको दफामा व्यवस्थित बालबालिकाको अधिकार लाई जनाउँछ ।

(ख) "**महासन्धी**" भन्नाले बालअधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धी सन १९८९ लाई जनाउँछ ।

(ग) "**समिति**" भन्नाले ऐनको दफा ३ (१) बमोजिम गठिंत समितिलाई जनाउँछ ।

(घ) "**संरक्षण अधिकारी**" भन्नाले ऐनको दफा ३ (२) बमोजिम गठित समितिको प्रमुख भै काम गर्ने अधिकारीलाई जनाउँछ ।

## परिच्छेद २
## बालसंरक्षण समिति सम्वन्धी व्यवस्था

३. **बाल संरक्षण समितिको गठन तथा कार्य संचालन विधि :**

(१) चापाकोट नगरपालिकामा देहाय वमोजिमको एक बाल संरक्षण समिति रहनेछ ।

(क) प्रमुखले तोकेको वडा अध्यक्ष- संयोजक

(ख) जिल्ला बाल संरक्षण समितिको एकजना प्रतिनिधि- सदस्य

(ग) बालअधिकारको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको प्रतिनिधि - सदस्य

(घ) नगर क्षेत्रभित्र स्थापित बाल सुधार गृहको प्रतिनिधि- सदस्य

(ङ) नगरपालिकाको बालबालिका सम्वन्धित शाखाको प्रमुख- सदस्य सचिव

(२) बालसंरक्षण अधिकारी सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **बाल संरक्षण समितिको काम कर्तव्य र अधिकार**

(क) बालबालिकाको हकहित संरक्षण सम्वन्धी योजनाको तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने,

(ख) संघीय कानुन अनुसार स्वीकृत बाल अधिकार सम्वन्धी शिक्षा नीतिका कार्यक्रमहरु तयार गर्ने,

(ग) उपदफा (क) र (ख) मा उल्लेख गरिएका योजना र कार्यक्रमहरुलाई लागु गर्न आवश्यक संयन्त्र तयार गर्ने,

(घ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको अभिलेख राख्ने, अनुगमन र नियमन गर्ने ।

५. **बाल संरक्षण समितिको कार्यकाल** : दफा ४ बमोजिमको समितिको कार्यकाल गठन भएका मितिले दुई बर्षको हुनेछ ।

६. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमावली बनाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

७. **वाधा अड्काउ फुकाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्दा वाधा अड्काउ परेमा वाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा हुनेछ ।

८. **यसै ऐन बमोजिम भएको मानिने** : संघियता लागु भईसकेपछि यस ऐन सँग सम्बन्धीत कामकारवाहिहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

२०७७ चैत्र ०५ गते

**आज्ञाले**

**ध्रुव खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**